**नेपाल-भारत उद्योग वाणिज्य संघ र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री**
**श्री दिलेन्द्र प्रसाद बडुबीच**
**नेपालमा बौद्धिक सम्पति तथा भारतीय लगानीमा संचालित उद्योगहरुले भोग्नु परेका समस्याहरुका बिषयमा गहन छलफल तथा सहकार्य गर्ने सम्बन्धमा**
**नेपाल-भारत उद्योग वाणिज्य संघको**

## प्रेस बिज्ञप्ति

आज मिती २०७९ साल श्रावण १६ गते सोमवार तदनुसार १ अगष्ट २०२२ का दिन यस नेपाल-भारत उद्योग वाणिज्य संघका उपाध्यक्ष हरकिरतसिंह बेदीको नेतृत्वमा इण्डियन बिजनेश फोरमका सह-संयोजक श्री सैवाल घोष, महानिर्देशक केशब मान सिंह, उपनिर्देशक मार्शल राठौर तथा कारोबार दैनिकका सम्पादक एवं संचारबिज्ञ कुवेर चालिसे सहितको एक प्रतिनिधि मण्डलले नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडुसंग भेट गर्यो ।

उक्त भेटमा नेपालमा ब्यबसायिक बृत्तमा बिगत लामो समय (दस बर्ष भन्दा बढी) देखि उठ्दै आएको बिषय बौद्धिक सम्पति अधिकारका बिषयमा बिशेष गरी नेपालमा बिदेशी लगानीमा संचालित संघका सदस्य प्रतिष्ठान उद्योगहरुले भोग्नुपरेको कठिनाईहरुका सम्बन्धमा संक्षिप्त जानकारी प्रस्तुत गरियो । त्यस्तै ट्रेडमार्कको होम रजिष्ट्रशन, बिदेशी कम्पनीबाट लिएको सेवा वापतको भुक्तानी, कन्ट्र्याक्ट म्यानुफ्याक्चरिङ्ग लगायतका बिषयहरु पनि अत्यन्त महत्वपूर्ण रहेको बारेमा पनि जानकारी गराईयो । नेपालमा बिदेशी लगानीलाई आकर्षित गर्न सरकारले प्राथमिकता दिएको भएतापनि बौद्धिक सम्पति अधिकार सम्बन्धि उद्योगहरुले झेल्नुपरेका समस्याहरु समाधान नहुंदासम्म बिदेशी लगानी नेपाल ल्याउन कथिन हुने वास्तबिकतालाई मध्येनजर गरेर आगामी दिनहरुका लागी संघले बौद्धिक सम्पति अधिकारका क्षेत्रमा गरिनुपर्ने सुधार तथा आवश्यक ब्यबस्थाका बिषयमा मन्त्रालयको साझेदारी एवं सहभागितामा सम्बन्धित उद्योग क्षेत्रका ब्यक्तिहरु तथा बिज्ञहरुलाई राखेर छलफल गरेर उपयुक्त नीतिगत सुझाव तयार गर्न सकिने राय ब्यक्त गर्दै बृहत अन्तरक्रिया गर्ने जानकारी गराउंदै मन्त्रीज्यू लगायत मन्त्रलयको हसभागिता तथा सहकार्य गर्न अनुरोध गरियो ।

बिदेशमा यो बौद्धिक सम्पति अधिकारको बिषयमा सरकारी पक्ष तथा उद्योगी ब्यबसायी लगायत आम मानिसहरु अत्यन्त सजग रहेको पाईन्छ र आवश्यक ब्यबस्था अन्तराष्ट्रिय सन्धीहरु तथा चलन अनुसार सहज बनाएको पाइन्छ जस्ले गर्दा अन्तराष्ट्रि बजारमा यो सम्बन्धमा समस्या भएको खासै सुनिन्दैन तर नेपालमा यो बिषयमा सम्बन्धित पक्षहरु त्यति सजग र सहयोगी भएको नदेखिएको कारण समस्याहरु आई राखेको छ र यो समाधान गरिनु अति आवश्यक रहेको जानकारी गराईयो ताकि नेपालमा फेरी पनि सन् १९९० को दशकमा जस्तै बिदेशी लगानी आउने वातावरण बन्न सकोस् ।

उक्त छलफलमा नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडुले संघले प्रस्तुत गरेको बिषयमा मन्त्रालयले आवश्यक पहल गर्ने जानकारी गराउनुका साथै संघले गर्ने कार्यक्रममा सहभागि बन्ने बताउनु भयो ।

केशब मान सिंह
महा निर्देशक
नेपाल-भारत उद्योग वाणिज्य संघ
एस अपार्टमेण्टस्, नारायणचौर, नक्साल, काठमाडौं ।
मितिः २०७९ श्रावण १६ गते सोमवार ।